सरकारी सम्पत्ति तथा जिन्सी मालसामान लिलाम बिक्री सम्बन्धी कार्यविधि, २०७९

अनुसूची-१०

(दफा ९ को उपदफा (२) सँग सम्बन्धित)

नेपाल सरकार

गृह मन्त्रालय

**सशस्त्र प्रहरी बल, नेपाल नं. २५ गण हे.क्वा. चण्डिका पर्वत**

**सम्पति तथा जिन्सी मालसामानको लिलाम बिक्री सम्बन्धी शिलबन्दी बोलपत्र आह्वानको सूचना !!!!**

**सूचना नं.:- ०२ (०८१/०८२)**

दोस्रो पटक प्रकाशित मिति २०८१।०६।१९ गते ।

सशस्त्र प्रहरी बल, नेपाल नं. २५ गण हे.क्वा. चण्डिका पर्वतमा रहेका प्रयोगमा आउन नसकेका तपसिल बमोजिमका बिभिन्न पुराना जिन्सी सामानहरु जे-जस्तो अवस्थामा छन् सोहि अवस्थामा लिलाम बिक्री गर्नुपर्ने भएकोले खरिद गर्न ईच्छुक ब्यक्ति, फर्म, संस्था वा कम्पनिले निम्न लिखित सर्तहरुको अधिनमा रहि शिलबन्दी बोलपत्र पेश गर्नु हुन यो सूचना प्रकाशित गरिएको छ ।

| सि.नं. | पुराना जिन्सी सामानको बिवरण | न्यूनतम् जम्मा मूल्य रु. (मू.अ.कर बाहेक) | बोलपत्र फारम दस्तुर रु. | कै. |
|---|---|---|---|---|
| १. | पुराना जिन्सी सामानहरु | २०२०२.९३/- | १०००.००/- | |

बोलपत्र फारम सशस्त्र प्रहरी बल, नेपाल नं. २५ गण हे.क्वा. चण्डिका पर्वतबाट दोस्रो पटक सूचना प्रकाशित भएको मितिले ४ औं दिन (मिति २०८१।०६।२२ गते) कार्यालय समय भित्र बोलपत्र फाराममा तोकिएको दस्तुर फिर्ता नहुने गरी नगदै बुझाई प्राप्त गर्न सकिने छ । बोलपत्र फाराम ५ औं दिन (मिति २०८१।०६।२३ गते) १२:३० बजे भित्र सशस्त्र प्रहरी बल, नेपाल नं. २५ गण हे.क्वा. चण्डिका पर्वतमा दर्ता गराई सक्नु पर्नेछ । दाखिला भएका बोलपत्र फारमहरु सोहि दिनको १५:०० बजे सम्बन्धित जिल्ला प्रशासन कार्यालय तथा कोष तथा लेखा नियन्त्रकको रोहवरमा यस कार्यालयमा खोलिने छ । बोलपत्र फाराम बिक्री, दाखिला र खोलिने दिन कुनै कारणले सार्वजनिक बिदा पर्न गएमा बिदा पछाडिको पहिलो कार्यालय खुलेको दिन सोहि समयमा गरिने छ ।बोलपत्र दाताले बोलपत्रमा कबोल गरेको कुल रकमको १० (दश) प्रतिशतले हुने रकममा नघटाई सशस्त्र प्रहरी बल, नेपाल नं. २५ गण हे.क्वा. चण्डिका पर्वतको कार्यालय कोड नं. ३१४०५४२०१, कोष तथा लेखा नियन्त्रक कार्यालय कुश्मा पर्वतको कार्यालय कोर्ड नं. ३०५०१४२०१ र कोष तथा लेखा नियन्त्रक कार्यालय कुश्मा पर्वतको नाममा नेपाल बैंक लिमिटेड शाखा कार्यालय कुश्मा पर्वतमा रहेको धरौटी खाता नं. ख २.३- ०६६०२०००००२००३००००१ मा नगदै दाखिला गरी सो-को सक्कलै भौचर बोलपत्र साथ पेश गर्नु पर्ने छ । स्विकृत बोलपत्र दाताले बोलपत्र स्विकृतको जानकारी पाएको ७ (सात) दिन भित्र आफुले कबोल गरेको रकममा नियमानुसार लाग्ने मू.अ.कर १३ (तेह्र) प्रतिशत समेत थप गरी जम्मा हुन आउने रकम दाखिला गरी पुराना जिन्सी सामानहरु उठाई लैजानु पर्ने छ । बोलपत्र दाताले नियमानुसार उठाई नलगेमा बोलपत्र कागजात साथ पेश गरेको बोलपत्र जमानत बापतको रकम यस कार्यालयले नियमानुसार जफत गरी प्रचलित नियम बमोजिम राजश्वमा दाखिला गरिनेछ । लिलाममा भाग लिन चाहने व्यक्तिले नेपाली नागरिकताको प्रमाण पत्रको प्रतिलिपि र इच्छुक फर्म, संस्था वा कम्पनीले ईजाजत प्रमाणपत्रको प्रतिलिपि र कर चुक्ता प्रमाणपत्रको प्रतिलिपि अनिवार्य रुपमा पेश गर्नुपर्ने छ । उल्लेखित जिन्सी सामानहरु हेर्न वा थप कुराहरु बुझ्न परेमा कार्यालय समय भित्र यस गणमा आई हेर्न र बुझ्न सकिने छ, वा यस कार्यालयको फोन नं. ०६७-४२०१५८/९८५१२७२०७९ मा सम्पर्क राखी आवश्यक जानकारी लिन सकिने छ । यस सम्बन्धी सूचना सशस्त्र प्रहरी बल, नेपालको Web Site:- www.apf.gov.np मा समेत राखिएको छ ।